# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

## लेखाव्यवसायी फर्मको मापदण्ड तथा शुल्क सम्बन्धी निर्देशिका,२०७८

(पहिलो संशोधन, २०८०)

# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

## लेखाव्यवसायी फर्मको मापदण्ड तथा शुल्क सम्बन्धमा सदस्यहरुलाई जारी गरिएको निर्देशिका,२०७८ (पहिलो संशोधन, २०८०)

**प्रस्तावना:**

संस्थाका सदस्यहरु बीच व्यावसायिक एकरुपता कायम गर्न तथा लेखापरीक्षण कार्यको गुणस्तर कायम गर्न विद्यमान लेखापरीक्षण शुल्क कम भएको विगत धेरै वर्षदेखि महसुस गरिएको सन्दर्भमा लेखापरीक्षण फर्महरुले व्यावसायिक आचार संहिता, नेपाल गुणस्तर नियन्त्रणमान १ (NSQC-1) तथा लेखापरीक्षणमान (NSA) हरुको अवलम्बन एवं प्रभावकारी कार्यान्वयनमा सुनिश्चितता कायम गर्न आवश्यक पर्ने कार्यालय, संगठनात्मक संरचना, जनशक्ति एवं सोको विकास तथा तालिमको व्यवस्था, लिखित कार्य संचालन प्रणाली कार्यविधि (Written Operating System Procedures) जस्ता विषयहरुको न्यूनतम मापदण्ड पालना गराउने तथा उक्त मापदण्ड सहितको संरचना कार्यान्वयन गराई लेखापरीक्षण गर्दा आवश्यक पर्ने न्यूनतम लेखापरीक्षण शुल्क गणनाको विधि पालना गराउने हेतुले दक्षिण एसिया क्षेत्रका समान प्रकृतिका संस्थाहरुको प्रचलित अभ्यास समेतलाई दृष्टिगत गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ११(ठ) र दफा ११(य) बमोजिम परिषदको २५७ औं बैठकबाट पारित गरी यो निर्देशिका जारी गरिएको छ। **यस निर्देशिकाको पहिलो संशोधन, २०८० परिषदको मिति २०८०/१२/१६ गते बसेको ३२२ औं बैठकबाट पारित गरी जारी गरिएको छ।***

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस निर्देशिकाको नाम "लेखाव्यवसायी फर्मको मापदण्ड तथा शुल्क सम्बन्धमा सदस्यहरुलाई जारी गरिएको निर्देशिका, २०७८" **(पहिलो संशोधन, २०८०)** रहेको छ।

(२) यो निर्देशिका मिति २०७८/०४/१ देखि लागू हुनेछ। **पहिलो संशोधनबाट संशोधन भएका व्यवस्थाहरु मिति २०८१/०४/१ गते पश्चात लिएका अनुबन्धहरुमा लागू हुनेछन्।***

**२. परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "ऐन" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ सम्झनु पर्छ।

(ग) "संस्था" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३ बमोजिम स्थापना भएको नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था सम्झनु पर्छ।

(घ) "परिषद" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ७ बमोजिम गठन भएको परिषद सम्झनु पर्छ।

(ङ) "सदस्य" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा २(छ) बमोजिम संस्थामा नाम दर्ता गराई संस्थाको सदस्यता प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(च) "लेखाव्यवसायी संस्था (फर्म)" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ५७(१) बमोजिम संस्थामा दर्ता भएको एकल वा साझेदारी लेखाव्यवसायी फर्म वा संस्था सम्झनु पर्छ ।

(छ) "लेखाव्यवसाय" भन्नाले व्यावसायिक रुपमा लेखापरीक्षण गर्ने काम सम्झनु पर्छ र सो शव्दले संस्थाको सदस्यले विशेषज्ञको रुपमा प्रदान गर्ने लेखासम्बन्धी सेवा समेतलाई जनाउने छ ।

(ज) "लेखापरीक्षण" भन्नाले पेशागत प्रमाणपत्र लिई प्रचलित कानून वमोजिम गरिने लेखापरीक्षण सम्झनु पर्छ ।

## परिच्छेद-२
## लेखाव्यवसायी फर्मका न्यूनतम मापदण्डहरु

**३. पेशागत मानहरुको मापदण्ड** :
लेखाव्यवसायी फर्मले लेखापरीक्षण लगायतका व्यावसायिक सेवा प्रदान गर्दा पेशागत मानहरु पालना गर्न गराउन देहाय अनुसारका मापदण्ड रहेको सुनिश्चित गर्नु पर्नेछ ।

(१) लेखाव्यवसायी फर्मले पेशागत मान तथा प्रचलित कानूनको पालना गरी लेखापरीक्षण गर्ने व्यवस्था सुनिश्चित गर्न तथा लेखापरीक्षण लगायतका कार्यमा प्राप्त प्रमाण र निष्कर्ष एवं रायको आधारहरु अभिलेखिकरण गर्न आवश्यक पर्ने स्तरीय ढाँचा अनुसारका परीक्षण सूची समेत समावेश भएको लेखापरीक्षण निर्देशिका (Audit Manual) को व्यवस्था गर्नुपर्नेछ ।

(२) लेखाव्यवसायी फर्मले नेपाल गुणस्तर नियन्त्रणमान-१ (NSQC–1) ले निर्दिष्ट गरेका आवश्यकताहरु जस्तै लेखापरीक्षण कार्यको सुपरीवेक्षण तथा अनुगमन, वाह्य परामर्श लिने, अनुबन्ध गुणस्तर नियन्त्रकको व्यवस्था गराउने मानक हुनुपर्ने जस्ता व्यवस्थाहरु समेटी गुणस्तर नियन्त्रण प्रणाली कायम गर्न गराउन फर्मको आकार तथा प्रकृतिअनुसार गुणस्तर नियन्त्रण नीतिको व्यवस्था गर्नु पर्नेछ ।

(३) लेखाव्यवसायी फर्मले पेशागत मापदण्डहरुको पालना गर्न कर्मचारीहरु सक्षम रहेको सुनिश्चित गर्न फर्मका कर्मचारीहरुलाई प्राविधिक तथा समसामयिक विषयहरु एवं प्रविधि र आर्थिक/व्यावसायिक वातावरणको सम्बन्धमा आवश्यकता अनुरुप तालिम दिनुपर्नेछ ।

**४. भौतिक पूर्वाधारको मापदण्ड :**
लेखाव्यवसायी फर्मले देहाय अनुसारका भौतिक पूर्वाधारको मापदण्ड रहेको सुनिश्चित गर्नु पर्नेछ ।

(१) चार्टर्ड एकाउन्टेन्ट र "ख" वर्गका दर्तावाला लेखापरीक्षकको व्यावसायिक फर्मको लागि पाँच जनासम्म कर्मचारी (प्रोप्राइटर र साझेदार सहित) को हकमा २५० वर्ग फिट क्षेत्रफल भएको कार्यस्थल र "ग" र "घ" वर्गका दर्तावाला लेखापरीक्षकको हकमा न्यूनतम १५० वर्ग फिट क्षेत्रफल भएको कार्यस्थल र पाँच भन्दा वढी कर्मचारीहरुको हकमा प्रति व्यक्ति थप २० वर्ग फिटको हिसाबले अधिक क्षेत्रफल हुनु पर्ने, कम्तीमा एउटा बैठक कक्ष, शौचालय, र प्रशासनिक कामको लागि पर्याप्त ठाउँ छुट्याएको हुनुपर्ने । निवास स्थान र फर्म संगै भए उक्त कार्यस्थल क्षेत्रमा घरायसी तथा अन्य प्रयोजनको लागि प्रयोग भएको

क्षेत्रलाई कार्यस्थल क्षेत्रमा गणना गरिने छैन ।

(२) लेखाव्यवसायी फर्मले कार्यालयमा भौतिक अथवा विद्युतिय माध्यमबाट प्रचलित कानून नियमनकारी निकायहरुले जारी गरेका निर्देशिकाहरु, प्राविधिक तथा पेशागत मानहरु, पेशागत प्रकाशन एवं पत्रपत्रिका लगायत अन्य सामग्रीहरु उपलब्ध गराउनु पर्नेछ ।

(३) लेखाव्यवसायी फर्मले कर्मचारीहरुलाई आवश्यक Laptop, Computer, Data को सुरक्षा तथा गोपनीयता कायम गर्न आवश्यक Office Server, Internet, Email आदिको व्यवस्था गराउनु पर्नेछ ।

### ५. गुणस्तर नियन्त्रण सम्बन्धी मापदण्ड :

लेखाव्यवसायी फर्मले देहाय अनुसारका गुणस्तर नियन्त्रण सम्बन्धी मापदण्ड रहेको सुनिश्चित गर्नुपर्नेछ ।

(१) लेखाव्यवसायी फर्मका कर्मचारीहरुको मनोबल उच्च राख्न र उत्कृष्ट कर्मचारीहरु कायम राख्न सहयोग पुग्ने हेतुले कर्मचारीको उचित तलबमान र कार्य सम्पादन मूल्यांकनको व्यवस्था गर्नुपर्नेछ ।

(२) लेखाव्यवसायी फर्मले आफ्नो फर्मको लेखापरीक्षण अनुबन्ध कार्यको संख्या, आकार, प्रकृति एवं जटिलता समेतलाई मध्यनजर गरी पर्याप्त संख्यामा विभिन्न स्तरको विशेषज्ञता भएका कर्मचारीहरुको व्यवस्था गर्नुपर्नेछ र आवश्यकता अनुसार बाह्य विशेषज्ञहरुको सेवा समेत लिनुपर्नेछ ।

## परिच्छेद-३
## न्यूनतम शुल्कको मापदण्ड

### ६. न्यूनतम शुल्क :

(१) पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरुले फर्मको न्यूनतम मापदण्ड सहितको संरचना कार्यान्वयन गरी लेखापरीक्षण तथा अन्य पेशागत दायित्व निर्वाह गरे बापत प्राप्त गर्नुपर्ने न्यूनतम शुल्क देहाय बमोजिम लिनको लागि सिफारिस गरिएको छ । सिफारिस गरिएको न्यूनतम शुल्कको आधारको रुपमा अनुबन्धहरुमा निहित जटिलता (Complexity of Assignments) तथा सामाजिक उत्तरदायित्व सापेक्ष जोखिम, व्यावसायिक ज्ञान, शीपको आवश्यकता, समयको खपत तथा बजारको अवस्था र प्रचलित अभ्यास समेतलाई लिइएको छ । उपलब्ध गराइने सेवा बापत प्रदान हुने शुल्कको कारण लेखाव्यवसायीको आचार संहिताका आधारभूत सिद्धान्तहरुको पालनामा पर्न सक्ने असर र समग्र लेखाव्यवसायको प्रतिष्ठामा आँच आउन सक्ने जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यले संस्थाका सदस्यहरुका लागि परिषदले देहायअनुसारको न्यूनतम लेखापरीक्षण तथा व्यावसायिक सेवाको शुल्क निर्धारण गर्न सिफारिस गरेको छ ।

**(क) प्रति कार्यदिनको लागि लिनुपर्ने न्यूनतम शुल्क** * :

| S.N. | Category | Years of Professional Experience | Daily Rate (NRs.) |
|---|---|---|---|
| A | Chartered Accountants | | |
| 1 | Partner/Proprietor/QC Reviewer | >15 yrs | At least 30,000 |
| 2 | Partner/Proprietor/QC Reviewer | 11 – 15 yrs | 20,000 – 29,999 |

| | | | |
|---|---|---|---|
| **3** | **Partner/Proprietor/QC Reviewer** | **5 – 10 yrs** | **15,000 – 19,999** |
| **4** | **Partner/Proprietor/QC Reviewer** | **<5 yrs** | **10,000 - 14,999** |
| **5** | **Manager/Professional Staff having membership of the Institute** | **>= 5 years** | **10,000** |
| **6** | **Manager/ Professional Staff having membership of the Institute** | **< 5 years** | **7,500** |
| **B** | **Registered Auditors** | | |
| **1** | **B Class** | | **15,000** |
| **2** | **C Class** | | **10,000** |
| **3** | **D Class** | | **5,000** |
| **C** | **Other Staffs** | | |
| **1** | **Professional Staff having membership of other Professional Accountancy Organizations** | **>5 yrs** | **5,000** |
| **2** | **Professional Staff having membership of other Professional Accountancy Organizations** | **<=5 yrs** | **3,000** |
| **3** | **Individual with completion of 3 years of Articled Training** | | **3,000** |
| **4** | **Articled Trainee** | | **2,000** |
| **5** | **Other Audit Staff** | | **1,500** |

(ख) * **कुनै अनुबन्ध (Assignment) शुरु गर्नु अघि उक्त अनुबन्धको कार्यसम्पादन गर्नको लागि आवश्यक पर्ने विभिन्न स्तरको पेशागत विशेषज्ञको अनुमानित कार्यदिनको लगत तय गर्नु पर्नेछ ।**

(ग) * **लेखापरीक्षण तथा अन्य व्यावसायिक कार्यको लागि विभिन्न स्तरको विशेषज्ञहरुले प्रदान गर्ने सेवाको लागि लाग्ने समय (कार्य दिन) को आधारमा उपरोक्तानुसारको प्रत्येक कार्य दिनको दरले गणना गरी शुल्क निर्धारण गर्नु पर्नेछ ।**

(घ) अनुवन्ध कार्य सम्पन्न भईसके पश्चात विभिन्न स्तरको पेशागत विशेषज्ञताको पूर्वानुमानित कार्यदिन र कार्य सम्पन्न गर्दा लागेको वास्तविक कार्यदिनको तुलना गरेको प्रमाण भविष्यमा हुन सक्ने गुणस्तर आश्वस्तता (Quality Assurance Review) जाँचको लागि सुरक्षित राख्नुपर्नेछ ।

(ङ) .....⊗

*पहिलो संशोधनद्धारा संशोधित

⊗पहिलो संसोधनद्वारा हटाईएको

(च) प्रमाणीकरण र अन्य कार्य (जस्तै कर लेखापरीक्षण, आन्तरिक लेखापरीक्षण, लङ फर्म लेखापरीक्षण प्रतिवेदन आदि) को लागि छुट्टै शुल्क लिनु पर्ने र सोको लागि लाग्ने अनुमानित समयको दैनिक दरको आधारमा जम्मा शुल्क निर्धारण गर्नु पर्नेछ । त्यसो गर्दा दैनिक आठ घण्टाको हिसाबले कामको लागि लाग्ने समयको आधारमा औषत रुपमा शुल्क गणना गर्न सकिने छ ।

(छ) उपरोक्त अनुसारको न्यूनतम शुल्क ***मुल्य अभिबृद्धि** कर बाहेकको न्यूनतम शुल्क हो र उपरोक्त शुल्कको अतिरिक्त अनुबन्ध कार्यमा लाग्ने प्रशासनिक खर्च तथा फर्मको नीतिअनुरुप उचित नाफा रकम समेत समावेश गरी अन्तिम शुल्क निर्धारण ***गर्न सकिनेछ** । भ्रमणसम्बन्धी खर्चहरु सेवाग्राही निकायको नीति अथवा सो निकायसँग समझदारी भए अनुसार सोधभर्ना ***गर्नु पर्नेछ** ।

(ज) अन्तिम लेखापरीक्षण, आन्तरिक लेखापरीक्षण वा कर लेखापरीक्षणको न्यूनतम शुल्क निर्धारण गर्दा अघिल्लो आर्थिक वर्षको शुल्क भन्दा सामान्यतया कम हुनुहुदैन । तर कारोबारको रकम उल्लेखनीय घटेको अवस्थामा कम कार्यदिन लाग्ने भएमा सो को प्रमाण राखी अघिल्लो आर्थिक वर्षको भन्दा कम शुल्क लिन बाधा पर्ने छैन ।

(झ) यदि यो निर्देशिका लागू गर्नु पहिले नै फर्मले शुल्क तोकिसकेको र निर्देशिकाले तोकेको न्यूनतम शुल्क भन्दा कम रहेको भए २ वर्षको अवधिमा सो शुल्क न्यूनतम शुल्क बराबर गर्न पहल गर्नु पर्नेछ ।

(ञ) माथि बुँदा (क) मा तोकिएको न्यूनतम प्रति कार्यदिन दर अनुसार निर्धारण गरिएको कूल शुल्क देहाय भन्दा कम हुनु हुदैन ।

**(१) सूचीकृत सार्वजनिक वित्तीय संस्थाहरुको लेखापरीक्षण गर्दा कूल निक्षेप वा कर्जा लगानी जुन बढी हुन्छ त्यसैको आधारमा प्राप्त गर्नु पर्ने न्यूनतम लेखापरीक्षण शुल्क ।***

| कूल निक्षेप वा कर्जा लगानी रकम (रु.) | न्यूनतम लेखापरीक्षण शुल्क (रु.) |
|---|---|
| **१०० अर्ब भन्दा माथि १५० अर्ब सम्म** | २५,००,००० |
| ५० अर्ब भन्दा माथि १०० अर्ब सम्म | २०,००,००० |
| **२५ अर्ब भन्दा माथि ५० अर्ब सम्म** | **१०,००,०००** |
| **१० अर्ब भन्दा माथि २५ अर्ब सम्म** | **७,५०,०००** |
| ५ अर्ब भन्दा माथि १० अर्ब सम्म | ५००,००० |
| १ अर्ब भन्दा माथि ५ अर्ब सम्म | ३००,००० |
| न्यूनतम | १००,००० |
| **कूल निक्षेप वा कर्जा लगानी रकम मध्ये जुन बढी हुन्छ सो रकम रु १५० अर्ब भन्दा माथि भएमा प्रत्येक १० अर्बका लागि रु.१ लाखको दरले लेखापरीक्षण शुल्क थप गर्नु पर्नेछ ।** | |

उपरोक्त न्यूनतम शुल्कको अधिनमा रहि "क" वर्गको वाणिज्य बैंकहरुको लेखापरीक्षण गर्दा प्राप्त गर्नु पर्ने न्यूनतम लेखापरीक्षण शुल्क: रु.१० लाख भन्दा कम हुनु हुदैन ।

*पहिलो संशोधनद्वारा संशोधित

**(१क) ⊕ जीवन बीमा कम्पनीहरुको लेखापरीक्षण गर्दा सो कम्पनीको कूल प्रिमियम आय (Gross Premium Income) को आधारमा प्राप्त गर्नु पर्ने न्यूनतम लेखापरीक्षण शुल्क ।**

| जीवन बीमा कम्पनीहरु | |
|---|---|
| कूल प्रिमियम आय (रु.) | न्यूनतम लेखापरीक्षण शुल्क (रु.) |
| २० अर्ब भन्दा माथि ३० अर्ब सम्म | २०,००,००० |
| १५ अर्ब भन्दा माथि २० अर्ब सम्म | १५,००,००० |
| १० अर्ब भन्दा माथि १५ अर्ब सम्म | १०,००,००० |
| ५ अर्ब भन्दा माथि १० अर्ब सम्म | ७५०,००० |
| १ अर्ब भन्दा माथि ५ अर्ब सम्म | ५००,००० |
| ६० करोड भन्दा माथि १ अर्ब सम्म | ३००,००० |
| कूल प्रिमियम आय रु ३० अर्ब भन्दा माथि भएमा प्रत्येक ५ अर्बको लागि रु २.५ लाखका दरले लेखापरीक्षण शुल्क थप गर्नु पर्नेछ । | |

उपरोक्त न्यूनतम शुल्कको अधिनमा रही जीवन बीमा कम्पनीहरुको न्यूनतम शुल्क रु. १ लाख भन्दा कम हुनु हुँदैन ।

**(१ख) ⊕ निर्जीवन बीमा कम्पनीहरुको लेखापरीक्षण गर्दा सो कम्पनीको कूल प्रिमियम आय (Gross Premium Income) को आधारमा प्राप्त गर्नु पर्ने न्यूनतम लेखापरीक्षण शुल्क ।**

| निर्जीवन बीमा कम्पनीहरु | |
|---|---|
| कूल प्रिमियम आय (रु.) | न्यूनतम लेखापरीक्षण शुल्क (रु.) |
| ७.५ अर्ब भन्दा माथि १० अर्ब सम्म | १,२५०,००० |
| ५ अर्ब भन्दा माथि ७.५ अर्ब सम्म | १,०००,००० |
| २ अर्ब भन्दा माथि ५ अर्ब सम्म | ७५०,००० |
| १ अर्ब भन्दा माथि २ अर्ब सम्म | ५००,००० |
| ६० करोड भन्दा माथि १ अर्ब सम्म | ३,००,००० |
| कूल प्रिमियम आय रु १० अर्ब भन्दा माथि भएमा प्रत्येक १ अर्बको लागि रु १ लाखका दरले लेखापरीक्षण शुल्क थप गर्नु पर्नेछ । | |

उपरोक्त न्यूनतम शुल्कको अधिनमा रही बीमा कम्पनीहरुको न्यूनतम शुल्क रु. १ लाख भन्दा कम हुनु हुँदैन ।

⊕ पहिलो संशोधनद्वारा थप गरिएको

(२) अन्य सूचीकृत भएका तथा नभएका सार्वजनिक एवं निजी कम्पनी तथा अन्य संस्थाहरुको लेखापरीक्षण गर्दा प्राप्त गर्नु पर्ने न्यूनतम लेखापरीक्षण शुल्क : *

| कारोवार रकम (रु.) | अन्य सूचीकृत तथा सार्वजनिक संस्थाहरुको न्यूनतम लेखापरीक्षण शुल्क (रु.) | निजी कम्पनी तथा प्रचलित कानून बमोजिम स्थापना भएका अन्य संस्थाको न्यूनतम लेखापरीक्षण शुल्क (रु.) |
|---|---|---|
| ५० अर्व **भन्दा माथि १०० अर्व सम्म** | २०,००,००० | १५,००,००० |
| **२५ अर्व भन्दा माथि ५० अर्व सम्म** | **१५,००,०००** | **१०,००,०००** |
| **१० अर्व भन्दा माथि २५ अर्व सम्म** | १०,००,००० | ८,००,००० |
| ५ अर्व भन्दा माथि १० अर्व सम्म | ५,००,००० | ४,००,००० |
| १ अर्व भन्दा माथि ५ अर्व सम्म | ३००,००० | २५०,००० |
| ६० करोड भन्दा माथि १ अर्व सम्म | २००,००० | १५०,००० |
| १५ करोड भन्दा माथि ६० करोड सम्म | सूचीकृत कम्पनीको न्यूनतम शुल्क लागू हुने | १००,००० |
| २ करोड भन्दा माथि १५ करोड सम्म | सूचीकृत कम्पनीको न्यूनतम शुल्क लागू हुने | ४०,००० |
| **कारोवार रकम रु १०० अर्व भन्दा माथि भएमा प्रत्येक १० अर्वको कारोवार रकमको लागि रु १ लाखका दरले लेखापरीक्षण शुल्क थप गर्नु पर्ने ।** | | |

उपरोक्त न्यूनतम शुल्कको अधिनमा रही सुचिकृत कम्पनीहरुको लेखापरीक्षण गर्दा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क: रु. १ लाख भन्दा कम हुनु हुँदैन ।

कारोवार रकम २ करोड भन्दा कम भएको हकमा निम्न बमोजिम लेखापरीक्षण शुल्क निर्धारण गरिनेछ ।

| | लेखापरीक्षण शुल्क (रु.) |
|---|---|
| लेखा प्राविधिज्ञ | ५,००० |
| "घ" वर्गका दर्तावाला लेखापरीक्षक सदस्य | ५,००० |
| "ग" वर्गका दर्तावाला लेखापरीक्षक सदस्य | १०,००० |
| "ख" वर्गका दर्तावाला लेखापरीक्षक सदस्य | १५,००० |
| चार्टर्ड एकाउन्टेन्ट सदस्य | २०,००० |

(३) सहकारी संस्थाहरुको लेखापरीक्षण गर्दा कूल निक्षेप वा कर्जा लगानी रकम जुन बढी हुन्छ त्यसैको आधारमा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क :*

*पहिलो संशोधनद्वारा संशोधित

| सहकारीको कूल निक्षेप वा कर्जा लगानी रकम (रु.) | न्यूनतम लेखापरीक्षण शुल्क (रु.) |
|---|---|
| ५ अर्व भन्दा माथि **१० अर्व सम्म** | १०,००,००० |
| १ अर्व भन्दा माथि ५ अर्व सम्म | ५००,००० |
| ६० करोड भन्दा माथि १ अर्व सम्म | ३००,००० |
| ३० करोड भन्दा माथि ६० करोड सम्म | २,२५,००० |
| १५ करोड भन्दा माथि ३० करोड सम्म | १५०,००० |
| ५ करोड भन्दा माथि १५ करोड सम्म | ७५,००० |
| २ करोड भन्दा माथि ५ करोड सम्म | ५०,००० |
| **सहकारीको कूल निक्षेप वा कर्जा लगानी रकम रु.१० अर्व भन्दा बढी भएमा बढी भएको रकममा प्रत्येक ५ अर्वको लागि रु २ लाख का दरले लेखापरीक्षण शुल्क थप गर्नु पर्नेछ ।** | |

कारोवार रकम २ करोड भन्दा कम भएको हकमा निम्न बमोजिम लेखापरीक्षण शुल्क निर्धारण गरिनेछ ।

| | लेखापरीक्षण शुल्क (रु.) |
|---|---|
| लेखा प्राविधिज्ञ | ५,००० |
| "घ" वर्गका दर्तावाला लेखापरीक्षक सदस्य | ५,००० |
| "ग" वर्गका दर्तावाला लेखापरीक्षक सदस्य | १०,००० |
| "ख" वर्गका दर्तावाला लेखापरीक्षक सदस्य | १५,००० |
| चार्टर्ड एकाउन्टेन्ट सदस्य | २०,००० |

(४) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरुमा लेखापरीक्षण गर्दा, सो संस्थाहरुले नगदमा आधारित वित्तीय विवरण तयार गर्ने भएकोले, अनुदान तथा अन्य प्राप्तिको कूल रकमको आधारमा प्राप्त गर्नु पर्ने न्यूनतम लेखापरीक्षण शुल्क :*

| अनुदान तथा अन्य प्राप्त कूल रकम (रु.) | न्यूनतम लेखापरीक्षण शुल्क (रु.) |
|---|---|
| ५० करोड भन्दा माथि **६० करोड सम्म** | १०,००,००० |
| ४० करोड भन्दा माथि ५० करोड सम्म | ८००,००० |
| ३० करोड भन्दा माथि ४० करोड सम्म | ६००,००० |
| २० करोड भन्दा माथि ३० करोड सम्म | ४००,००० |
| १० करोड भन्दा माथि २० करोड सम्म | ३००,००० |
| **५ करोड भन्दा माथि १० करोड सम्म** | २,००,००० |
| १ करोड भन्दा माथि **५ करोड सम्म** | १००,००० |
| ५० लाख भन्दा माथि **१ करोड सम्म** | ५०,००० |
| **अनुदान तथा अन्य प्राप्त रकम रु.६० करोड भन्दा बढी भएमा बढी भएको रकममा प्रत्येक १० करोडको लागि रु २ लाख का दरले लेखापरीक्षण शुल्क थप गर्नु पर्ने ।** | |

⊕ **अनुदान तथा अन्य प्राप्त रकम रु ५० लाख भन्दा कम भएमा,**

*पहिलो संशोधनद्वारा संशोधित

| | लेखापरीक्षण शुल्क (रु.) |
|---|---|
| लेखाप्राविधिज्ञ | ५,००० |
| "घ" वर्गको दर्तावाला लेखापरीक्षक | ५,००० |
| "ग" वर्गको दर्तावाला लेखापरीक्षक | १०,००० |
| "ख" वर्गको दर्तावाला लेखापरीक्षक | १५,००० |
| चार्टर्ड एकाउन्टेन्ट सदस्य | २०,००० |

उपरोक्त न्यूनतम शुल्कको अधिनमा रही अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुको लेखापरीक्षण गर्दा प्राप्त गर्नु पर्ने न्यूनतम लेखापरीक्षण शुल्क रु. १ लाख भन्दा कम हुने छैन ।

(५) ⊕ निर्माणको चरणमा रही उत्पादन सुरु नगरेका वा सम्बन्धित नियामक निकायबाट कारोवारको स्वीकृति नपाएका वा सेवा दिन सुरु नगरेका वा सेवा सुरु गरेको ६ महिनाको अवधि व्यतित नभएका निकायहरु जस्तै जलविद्युत कम्पनीहरु, होटल तथा संचालनको लागि पूर्वाधार आवश्यक पर्ने अन्य निकायहरु आदिको हकमा कार्यविधिको दफा ६(क) तथा ६(ग) बमोजिम गणना भएको लेखापरीक्षण शुल्क अन्तिम हुनेछ । यस्ता कम्पनीहरुको लेखापरीक्षण शुल्क निर्धारण गर्दा कार्यविधिको दफा ६(ञ)(२) को व्यवस्था लागू हुने छैन ।

(६) ⊕ बैंक तथा वित्तीय संस्था बाहेक मूख्य उद्देश्य लगानी भई बाह्य ऋण लगानी बाहेकका लगानीबाट प्राप्त हुने आय मात्र मूख्य आम्दानी भएको निकायको हकमा न्यूनतम लेखापरीक्षक शुल्क देहाय बमोजिम हुनेछ ।

| लगानी गर्ने निकायहरु | |
|---|---|
| कूल आय (रु.) | न्यूनतम लेखापरीक्षण शुल्क (रु.) |
| ५० करोड भन्दा माथि १०० करोड सम्म | १०,००,००० |
| २५ करोड भन्दा माथि ५० करोड सम्म | ७,५०,००० |
| १० करोड भन्दा माथि २५ करोड सम्म | ५००,००० |
| ५ करोड भन्दा माथि १० करोड सम्म | २५०,००० |
| १ करोड भन्दा माथि ५ करोड सम्म | १,००,००० |
| कूल लगानी आय रु. १०० करोड भन्दा माथि भएमा प्रत्येक २५ करोडको लागि रु १ लाखका दरले लेखापरीक्षण शुल्क थप गर्नु पर्ने । | |

उपरोक्त न्यूनतम शुल्कको अधिनमा रही लगानी कम्पनीहरुको न्यूनतम शुल्क रु. ४०,००० भन्दा कम हुनु हुँदैन ।

(७) ⊕ यस निर्देशिकाको दफा ६(ञ)(२) मा तोकिएका अन्य निकायहरुको न्यूनतम शुल्क निर्धारण गर्दा आधारको रुपमा वा अन्य व्यवस्थामा प्रयोग भएको "कारोवार रकम" भन्नाले यस निर्देशिकामा स्पष्ट तोकिएकोमा बाहेक वासलातमा उल्लेख भएको जायजेथा वा दायित्वको रकम सम्झनु पर्छ र सो शब्दले वासलात तयार नगर्ने संस्थाहरुको हकमा नाफा नोक्सान वा आम्दानी वा खर्चको कूल अंकमा उल्लेखित रकम समेतलाई जनाउँदछ ।

⊕ पहिलो संशोधनद्वारा थप भएको

(ट) रु. ३० (तीस) लाख भन्दा कम कारोबार हुने प्रा.लि., एकल फर्म, साझेदारी फर्म, सहकारी संस्था, सरकारी प्राथमिक विद्यालय, धार्मिक संघ संस्था, सामाजिक संघ संस्था, उपभोक्ता समूह, विभिन्न किसिमका समितिहरु, ट्रेड यूनियन तथा पेशागत संघ संगठनहरु तथा अन्य यस्तै प्रकृतिका संघ संस्थाहरुको हकमा न्यूनतम लेखापरीक्षण शुल्क लागू हुने छैन । तर पारिश्रमिक विना लेखापरीक्षण गर्न भने पाइने छैन ।

(ठ) आन्तरिक लेखापरीक्षण गर्दा प्राप्त गर्ने शुल्क पनि माथि निर्धारण गरिएको न्यूनतम लेखापरीक्षण शुल्क कै आधारमा लिनुपर्ने छ । कुनै विशेष क्षेत्र अथवा कुनै कारोवारमा सिमित रहने गरी आन्तरिक लेखापरीक्षण गर्नु परेमा माथि उल्लेखि गरिए बमोजिमको प्रत्येककार्य दिनको लागि तोकिएको न्यूनतम पारिश्रमिक भन्दा कम गर्न पाइने छैन ।

(ड) न्यूनतम लेखापरीक्षण शुल्क निर्धारण गर्ने प्रयोजनको लागि लेखापरीक्षण भएको अघिल्लो आर्थिक वर्ष को वित्तीय विवरणलाई आधार मान्नु पर्नेछ ।

(ढ) ⊗ ........

(ण) नेपाल सरकारले संस्थाका सदस्यलाई लेखापरीक्षणको कार्य तथा व्यावसायिक प्रतिस्पर्धा बाहेकका अन्य कुनै पनि कार्यमा समावेश गराउँदाका हकमा यो निर्देशिका लागू हुने छैन ।

(त) यस निर्देशिका बमोजिमको व्यवस्था पालना नगर्ने फर्महरुले गरेका कार्यको गुणस्तरमा कमी नहोस् भन्ने सुनिश्चतताको लागि लेखाव्यवसायी फर्म स्वयमले न्यूनतम लेखापरीक्षण शुल्क नलिएको कारण सहित जानकारी संस्थालाई गराउनुपर्नेछ र संस्थाले उपरोक्त अनुसारको जानकारी फर्म वा अन्य कुनैपनि माध्यमबाट प्राप्त गरेमा त्यस्ता फर्महरुले पेशागत तथा प्राविधिक मानका साथै सम्बद्ध प्रचलित कानून तथा निर्देशन पालना गरे नगरेको सुनिश्चित गर्न यथाशीघ्र गुणस्तर आश्वस्तता पुनरावलोकन गर्नेछ ।

(थ) संस्थाले लेखाव्यवसायी फर्महरुलाई न्यूनतम शुल्कसम्बन्धी निर्देशिकाको पालना गर्न गराउन आवश्यक सहयोग गर्नेछ र यस निर्देशिकाको कार्यान्वयन गर्न सम्बन्द्ध सबै लेखाव्यवसायी फर्महरुले आवश्यक समन्वय एवं सहकार्य प्रदान गर्नु पर्नेछ ।

(द) पेशागत प्रमाणपत्र प्राप्त सदस्यले एक आर्थिक वर्षमा १०० वटा सम्म मात्र लेखापरिक्षण गर्न पाउने छ । तर उक्त १०० वटा सीमा संख्या मध्ये पव्लिक लिमिटेड कम्पनीको सीमा संख्या १० वटा भन्दा बढी हुनु हुँदैन । साझेदारी फर्मका प्रत्येक साझेदारले उपरोक्त सीमासम्म लेखापरीक्षण गर्न पाउनेछ ।

एकल फर्म, साझेदारी फर्म, सहकारी संस्था (बचत तथा ऋण सहकारी संस्था बाहेक) सरकारी प्राथमिक विद्यालय, धार्मिक संघ संस्था, सामाजिक संघ संस्था, उपभोक्त समूह, विभिन्न किसिमका समिति, ट्रेड युनियन तथा पेशागत संघ संगठनहरु तथा अन्य यस्तै प्रकृतिका संघ संस्थाहरुको हकमा रु. १ (एक) करोड भन्दा कम रकम हुने र प्रा.लि.को हकमा रु. ५० (पचास) लाख भन्दा कम रकम हुने कम्पनीको लेखापरीक्षण माथि उल्लेखित फाईल संख्याको सीमा गणना गर्ने प्रयोजनका लागि समावेश गरिने छैन । साथै यसरी सीमा भित्र नपरेका फाइलहरुको लागि पनि अनिवार्य रुपमा अद्वितिय कागजात संकेत नम्बर (Unique Document Identification Number -UDIN) लिनु पर्नेछ, लेखापरीक्षण गरिएका त्यस्ता फाइलहरुको विवरण सम्बन्धित सदस्यले तोकिएको ढाँचामा संस्थामा वार्षिक रुपमा पेश गर्नुपर्नेछ र लेखापरीक्षण सीमा भित्र नपरेका त्यस्ता फाइलहरुको गुणस्तर आश्वस्तता पुनरावलोकन विभागबाट छुट्टै अनुगमन गरिनेछ ।

⊗ पहिलो संशोधनद्वारा हटाईएको